# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा

पत्र संख्या :- २०८३।२०८४ मधेश प्रदेश, नेपाल

चलानी नं. :- ६२

मिति: २०८३।०४।२५

**विषयः- परिपत्र सम्बन्धमा ।**

श्री शाखा प्रमुख, ईकाई प्रमुख, संस्था प्रमुख र वडा सचिव ज्यूहरु (सबै),
लक्ष्मीनियाँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लक्ष्मीनियाँ बजार, धनुषा ।

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको प.सं. ०८३/८४,च.न. प्र.शा./३११/४९०, मिति २०८३/०४/२१ को पत्र तथा सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३ का सम्बन्ध यो परिपत्र गरिदै छ।

यस लक्ष्मीनियाँ गाउँपालिका, लक्ष्मीनियाँ र सो अन्तर्गतका शाखाहरु, वडा कार्यालयहरु र अन्य ईकाई तथा संस्था र निकायहरुबाट प्रवाह हुने सार्वजनिक सेवाहरुको अभिलेखिकरण र सार्वजनिकरण गर्ने प्रयोजनार्थ सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३ को कार्यान्वयन गर्नका लागि प्रत्येक शाखाहरु वडा कार्यालयहरु/ईकाई/संस्थाहरुबाट प्रवाह गरिदै आएका सेवाहरुको विवरण तपसिलको ढाँचामा तयार गरी ती सेवा प्रवाह गर्नको लागि आवश्यक पर्ने निवेदनको ढाँचा सरल, स्पष्ट, नेपाली भाषामा (Unicode मा कालिमाटी फन्टको १२ फन्टमा) र आवश्यकता अनुसार अंग्रेजी भाषामा समेत तयार गरी कर्मचारी प्रशासन शाखामा २०८३ साल भाद्रको पहिलो हप्ता भित्र वर्ड फाईलमै अनिवार्य पेश गर्नु हुन यो परिपत्र गरिन्छ।

तपसिलः

१. सेवा प्रवाहको विवरणको ढाँचा:

| क्र. सं | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सेवा लिन आवश्यक पर्ने प्रक्रिया | जिम्मेवार अधिकारी र लाग्ने समय | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२. निवेदनको ढाँचामा निम्न विवरण अनिवार्य समावेश गर्नु पर्नेः

क. सेवा प्रवाह गर्ने कार्यालयको नाम,

ख. निवेदकको विवरण,

ग. माग गरिएको सेवा,

घ. आवश्यक स्वघोषणा,

ङ. मिति,

च. निवेदकको हस्ताक्षर,

छ. संलग्न गर्नुपर्ने आवश्यक कागजातको सूची,

ज. कार्यालय प्रयोजनका लागि अन्य आवश्यक विवरण।

..............................
मिथिलेश ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च : सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३ को छायाँ प्रति यसै पत्र साथ संलग्न छ ।

टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५४०८०११७
सूचना अधिकारी मो. ९८५४०२८८३५, एम्बुलेन्स मो. ९८५४०८०११४
वेब साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com